# श्री आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वालुवाटार, काठमाडौं

(२०५०)

# लेखापरीक्षण कार्यविधि २०७९

# आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## बालुवाटार, काठमाडौं

## लेखापरीक्षण कार्यविधि, २०७९

**प्रस्तावना :**

संस्थाले आफ्नो काम कारवाही, सहकारी विभागको निर्देशन, संस्थाको विनियम, सहकारी ऐन, नियमावली, लेखा नीति, निर्देशन तथा संस्थाको विनियम बमोजिम आर्थिक तथा वित्तीय कारोवार, प्रक्रिया तथा निर्णयलाई जाँच गरी प्रतिवेदन पेश गर्ने प्रयोजनार्थ आन्तरिक तथा बाह्य लेखापरीक्षणको लागि संस्थाको ३१औं बार्षिक साधारण सभाद्वारा यो लेखापरीक्षण कार्यविधि २०७९ पारित गरी *लागु गरिएको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लि. को लेखा लेखापरीक्षण कार्यविधि २०७९" रहेको छ ।

(ख) यो कार्यविधि साधारण सभाबाट पारित भएको मिति *देखि लागुहुनेछ ।

**२. परिभाषा :**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संस्था" भन्नाले आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई जनाउनेछ ।

(ख) "बैंक" भन्नाले राष्ट्रिय सहकारी बैंक लगायतका बाणिज्य बैंकहरु, वित्तीय संस्था तथा सहकारी संघहरु समेत लाई जनाउनेछ ।

(ग) "समिति" भन्नाले संस्थाको सञ्चालक समिति जनाउनेछ ।

(घ) "संयोजक" भन्नाले संस्थाको लेखा सुपरीवेक्षण समितिको संयोजक जनाउनेछ ।

(ङ) "कार्यालय प्रमुख वा व्यवस्थापक" भन्नाले संस्थाको दैनिक काम कारवाही सुचारु रुपले संचालन गर्न समितिले कार्यालय प्रमुखको रुपमा कामकाज गर्न नियुक्त गरेको व्यक्ति लाई जनाउनेछ ।

* संस्थाको ३१औं वार्षिक साधारण सभाले पारित गरेको मिति : ............................

(च) "कर्मचारी" भन्नाले संस्थाको सेवामा रहेका ज्यालादारी बाहेक सबै तहका स्थायी, अस्थायी वा करार सेवाका कर्मचारी सम्झनु पर्छ र सो शब्दले परिक्षणकाल तथा प्रशिक्षार्थीका रुपमा नियुक्त कर्मचारीलाई समेत जनाउनेछ ।

(छ) "लेखा सुपरीवेक्षण समिति" भन्नाले साधारण सभाबाट निर्वाचित लेखा सुपरीवेक्षण समितिलाई जनाउँछ ।

(ज) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गतेदेखि अर्को वर्षको आषाढ मसान्त सम्मको अवधि लाई सम्झनु पर्छ ।

(झ) "लेखापरीक्षण" भन्नाले प्रचलित कानून बमोजिम संस्थाको कारोवार, लेखा, हिसाब किताब, खाता आदिको लेखापरीक्षण सम्झनु पर्छ र सो शब्दले आन्तरिक लेखापरीक्षण समेतलाई जनाउँछ ।

(ञ) "बार्षिक बजेट तथा कार्यक्रम" भन्नाले संस्थाले सदस्यहरुको हितका लागि बार्षिकरुपमा संचालन गर्ने आर्थिक तथा सामाजिक क्रियाकलापहरुको लागि पूँजीको श्रोत, पूँजीको उपयोग, संचालन गर्न लाग्ने खर्च र सो सञ्चालनबाट प्राप्त आम्दानीको फेहरिस्तलाई सम्झनु पर्दछ ।

(ट) "तोके वा तोकिए बमोजिम" भन्नाले समिति वा यसै कार्यविधि बमोजिम अख्तियार प्राप्त व्यक्ति वा निकायले तोके वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) "आन्तरिक लेखापरीक्षक" भन्नाले समितिले यसै कार्यविधि बमोजिम नियुक्त गरेको व्यक्ति वा कम्पनी सम्झनु पर्छ ।

(ड) "विनियम" भन्नाले यस संस्थाको विनियम २०७४, लाई सम्झनु पर्छ ।

## परिच्छेद - २

## लेखा सुपरीवेक्षण समिति र आन्तरिक लेखापरीक्षण सम्बन्धी व्यवस्था

**३) लेखा सुपरीवेक्षण समिति :**

(क) संस्थाको वित्तीय अवस्था, आन्तरिक नियन्त्रण, आन्तरिक लेखापरीक्षण कार्यक्रम आदिको समीक्षा गर्नुका साथै आन्तरिक लेखापरीक्षणबाट देखिएका तथ्य र सो उपर आवश्यक सुझावको प्रतिवेदन तयार पारी समिति समक्ष पेश गर्न बार्षिक साधारण सभाले चयन गरे बमोजिमको छुट्टै लेखा सुपरीवेक्षण समिति हुनेछ ।

(ख) संस्थाको लेखा सुपरीवेक्षण समितिको गठन संस्थाको विनियम २०७४ को दफा ३३ बमोजिम निर्वाचन प्रणालीबाट निर्वाचित भए बमोजिम हुनेछ ।

(ग) लेखा सुपरीवेक्षण समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ । तर कम्तीमा बर्षको चार पटक अनिवार्य रुपले बस्नु पर्नेछ ।

(घ) लेखा सुपरीवेक्षण समितिको बैठक भत्ता समितिको बैठकमा प्रदान गरे बमोजिम हुनेछ ।

(ङ) लेखा सुपरीवेक्षण समिति वा निजले तोकेको कुनै व्यक्तिबाट संस्थाको आन्तरिक लेखापरीक्षण गरिनेछ ।

(च) आन्तरिक लेखा परीक्षकको पारिश्रमिक समितिले तोके बमोजिम हुनेछ ।

(छ) लेखापरीक्षकको काम कर्तब्य र अधिकार ।

आन्तरिक लेखापरिक्षकको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) संस्थाको नीति, नियम, योजना, कार्यविधि आदिसँग संस्थाका काम कारवाहीहरु मिलान हुने व्यवस्था गराउने,

(ख) संस्थाको सम्पत्तिको उचित सुरक्षा र सोको निरीक्षण अनुगमनको व्यवस्था गराउने,

(ग) वित्तिय तथ्यांकको सूचना सही र ठीक समयमा प्रदान गर्न र सोको वर्गीकरण, विभाजन, मापन, विश्लेषण र मूल्याङ्कनका आधार निर्धारण गराउने,

(घ) वार्षिक बजेटको यथार्थ कार्यान्वयनको मूल्याङ्कन तथा अनुगमन गर्ने,

(ङ) यस निर्देशिका अनुसार संस्थाको काम कारवाहीका कागजात तथा अधिकारको प्रयोग सही र पर्याप्त भए नभएको यकिन गर्ने,

(च) समिति वा लेखा सुपरीवेक्षण समितिले तोकेको लेखापरीक्षण सम्बन्धी अन्य कामहरु गर्ने,

## परिच्छेद - ३

## बाह्य लेखापरीक्षण सम्बन्धी व्यवस्था

### ४.बाह्य लेखापरीक्षण :

१) संस्थाको बाह्य लेखापरीक्षण, सहकारी ऐन, संस्थाको विनियम तथा सहकारी विभागबाट समयसमयमा प्राप्त हुने मापदण्ड र निर्देशन बमोजिम लेखा तथा लेखा परीक्षणका आधारभूत मापदण्डका आधारमा सम्पन्न गरिने छ ।

**५. बाह्य लेखापरीक्षको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था :**

(१) संस्थाले प्रत्येक वर्षको हिसाब-किताबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र साधारण सभाले नियुक्त गरेको रजिष्टर्ड लेखापरीक्षकबाट गराई सक्नेछ ।

(२) लेखापरीक्षकले आफ्नो वार्षिक प्रतिवेदन समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

(३) लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक साधारण सभाले तोके बमोजिम हुनेछ ।

(४) एउटै लेखापरीक्षकलाई लगातार तीन पटक भन्दा बढी नियुक्ति गरिने छैन ।

(५) लेखापरीक्षकको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका विवरण समेत समाविष्ट भएको हुनेछ :

(क) संस्थाका पदाधिकारी वा कर्मचारीले सहकारीको मूल्य मान्यता र सिद्धान्त एवं प्रचलित सहकारी सम्बन्धी कानूनको पालना गरेका छन्/ छैनन् ।

(ख) संस्थाका पदाधिकारी वा कर्मचारीले संस्थाको विनियम र साधारण सभाबाट स्वीकृत नीति तथा निर्देशिकाहरुको पालना गरेका छन्/ छैनन् ।

(ग) नियामक निकायले दिएको निर्देशन बमोजिमका विषयहरुमा संक्षिप्त टिप्पणी ।

(घ) विशेष गरी प्रतिवेदनमा बचत कर्ताको बचतको सुरक्षणको अवस्था के छ, लगानीहरु पर्याप्त सुरक्षणको आधारमा गरिएको छ /छैन, ब्यवस्थापकबाट फजुल खर्च रोक्ने तर्फ के कस्ता प्रयासहरु भएका छन वा छैनन् ।

(ङ) संस्थाका पदाधिकारी एवं कर्मचारीहरुले लिएको ऋण र पेश्कीका वारेमा लिएको अंक, रकम दिंदा अवलम्बन गरिएको प्रक्रिया, ऋणको भाखा नाघे ननाघेको र साँवा ब्याज समयमै तिरे नतिरेको विवरण, पेश्की लिनुको प्रयोजन, आर्थिक अनुशासन को विवरण उल्लेख हुनुपर्ने आदि ।

**६. विशेष लेखापरीक्षण :**

१) संस्थाले आफ्नो कामकारवाहि सहकारी विभागको निर्देशन, संस्थाको विनियम, सहकारी ऐन, नियमावली, नीति निर्देशन बमोजिम भए गरेको छ/छैन यकिन गर्न विशेषज्ञ व्यक्ति वा कर्मचारीलाई विशेष लेखापरीक्षण गर्न अह्वाउन सक्नेछ । यस्तो विशेष लेखापरीक्षण मूलतः ऋण/सापटी तथा सफ्टवेयर लगायत अन्य आवश्यक विषयसँग सम्बन्धित काम कारवाही उपर गरिनेछ र यसरी लेखापरीक्षण गर्नु पर्दा परीक्षण गर्नु पर्ने विषय र कार्यविधि समितिले तयार गरे बमोजिम हुनेछ ।

२) कसैले बदनियत, बेइमानी, चोरी, हिनामिना, दुरुपयोग, भ्रष्टाचार आदि जस्ता कार्य गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा वा त्यस्ता कार्यहरु हुन लागेको थाहा भएमा समितिले अनुसन्धान गराउने वा गर्न आदेश दिनेछ । यस सम्बन्धी सम्पूर्ण प्रक्रिया समितिले तयार गरे बमोजिम हुनेछ । यस्तो कार्यको

अनुसन्धानमा आन्तरिक लेखापरीक्षकको समेत सहभागिता गराइनेछ र सोको प्रतिवेदन लेखा सुपरिवेक्षण समिति समेत लाई दिनु पर्नेछ ।

३) कुनै पनि पदाधिकारी वा कर्मचारीले संस्था भित्र वा बाहिर संस्थाको विरुद्धमा वा संस्थालाई हानी नोक्सानी पुऱ्याउने खालका क्रियाकलाप गरेमा वा हुन लागेको थाहा पाएमा सोको तत्काल जानकारी समितिलाई दिनु पर्नेछ ।

**७. प्रचलित कानून बमोजिम हुने:**

यस कार्यविधिमा उल्लेखित व्यवस्था सहकारी ऐन, सहकारी नियमावली, प्रचलित सहकारी ऐन नियम र कर सम्बन्धी प्रचलित कानून, सहकारी विभागको निर्देशन तथा संस्थाको विनियम सँग बाझिएको हदसम्म यसमा लेखिएका व्यवस्था स्वत: निष्क्रिय हुनेछन् ।

**८. कार्यविधिको व्याख्या :**

यस निर्देशिकाको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा भएमा सोको व्याख्या गर्ने अधिकार साधारणसभालाई हुनेछ ।

**९. कार्यविधि संशोधन :**

संस्थाको समितिले स्वीकृत गराई साधारण सभाको बहुमतबाट कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ ।

**१०. खारेजी र बचाउ :**

यो कार्यविधि लागू हुनु अघि भएका लेखापरीक्षण सम्बन्धी सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

❁ समाप्त ❁